नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

# भेरी अस्पताल

नेपालगञ्ज,बाँके

फोन नं. ०८१: ५३४१२
(अफिस) ५३०१९३ (इमरजेन्सी
Email
bheri.hospital@gmail.con

प.सं.०७८/०७९
च.नं...............

मितिः २०७८/०४/२६

## प्रेष-विज्ञप्ती

हाल सामाजिक संजालहरूमा भेरी अस्पतालमा उपचारको क्रममा एक जना बिरामीको मृत्यू भएकोमा निजको उपचारमा लापरवाही गरिएको, समयमै एक्सरे नगरिएको कारण मृत्यु भएको जस्ता कुराहरूलाई अतिरञ्जित गरि प्रवाहित तथा प्रचारित गरिएकोमा अस्पतालको गम्भीर ध्यानाकर्षण भएको छ ।

यहि २०७८ श्रावण २४ गते आईतबार विहान १:३० बजे टिकापुर नगरपालिका वडा नं. २, कैलालीकी २५ वार्षिया सुस्मीता शाहीलाई टिकापुर अस्पतालमा उपचार गर्दागर्दै अवस्था जटिल भएपश्चात यस अस्पतालको आकस्मिक कक्षमा ल्याइएको थियो । अस्पतालमा ल्याइपुर्याउँदा वहाँको स्वास्थ्य अवस्था

- तापक्रम - ९९$^0$F
- Oxygen Saturation - 48 %
- Pulse Rate - 104/min
- Blood Pressure - ??? (Not trackable)

विरामीको आफन्तसँग हिस्ट्री लिंदा निज १५ हप्ताको गर्भवती समेत रहेको र निज बिरामीलाई बिगत तीन चार दिन देखि पेट दुख्ने, उल्टी हुने र श्वास फेर्न गाह्रो हुने भन्ने जानकारी प्राप्त भएको ।

तत्पश्चात डियुटीमा रहनु भएका चिकित्सकका तर्फबाट Shock मा रहेको बिरामीको व्यवस्थापनमा गर्नुपर्ने सबै उपचारको निम्ति हरसंभव प्रयास भएतापनिविरामीलाई बचाउन असमर्थ भएको । सोहि दिन विहान ५:२५ बजे इमर्जेन्सी वार्डमा वहाँको मृत्यू भएको ।

अस्पतालको सुधारको निम्ति सेवाग्राही तथा आगन्तुकहरूको रचनात्मक सुझावको अस्पताल सधै स्वागत गर्छ। आफ्ना कमीकमजोरी भएको पाइएमा तिनको निराकरण गरि जनतालाई सुलभ र गुणस्तरिय सेवा प्रदान गर्न अस्पताल हमेशा प्रयासरत छ । तर यथार्थ नै नबुझी गरिने हल्का टिकाटिप्पणीले अस्पतालप्रति नकरात्मक धारणा फैलन सक्ने तथा बिरामीको उपचारमा संलग्न स्वास्थ्यकर्मीको मनोबलमा समेत असर पर्ने हुँदा यस प्रकारका घटनाप्रति संवेदनशील भैदिन सम्पूर्ण जनमानसमा अपिल गर्दछौं।

...................................
डा.प्रकाश बहादुर थापा
नि.प्र.मेडिकल सुपरिन्टेण्डेण्ट

डा. प्रकाश बहादुर थापा
निमित्त मेडिकल सुपरिन्टेन्डेण्ट